# आर्थिक बर्ष २०८२/८३ को

# विनियोजन ऐन

गाउँबाट पारित मितिः२०८२/०३/१५

मोदी गाउँपालिका

पातिचौर,पर्वत

# मोदी गाउँपालिकाको विनियोजन ऐन, २०८२

**मोदी गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।**

**सभाबाट पारित मितिः २०८२/०३/१५**

**प्रस्तावनाः** मोदी गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मोदी गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मोदी गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८२/०८३ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पुजिगतखर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६३,६३,८०,०००/-(अक्षेरपी त्रिसठ्ठी करोड, त्रिसठ्ठी लाख, असी हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सन्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा संचितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त मोदी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकमान्तर सक्नेछ। यसरी रकमान्तर एक शिर्षकबाट सो शिर्षकको कुल रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक

तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

## अनुसूची-१
### (दफा २ संग सम्बन्धित)
### नेपालको संबिधानको धारा २२९ (२) बमोजिम
### संचित कोषबाट विनियोजन हुने रकम

| क्र.स | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय ब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | | गाउँ कार्यपालिका | ४७,१९,९८,०००/- | १६,४३,८२,०००/- | | ६३,६३,८०,०००/- |
| २. | | वडा समिति | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |